नेपाल सरकार
शिक्षक सेवा आयोग
सानोठिमी, भक्तपुर

## शिक्षक सेवा आयोग

## लिलाम बिक्रीसम्बन्धी शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रथम पटक सूचना प्रकाशन मिति: २०७७।१२।०२)

यस आयोगमा रहेका पुराना जिन्सी मालसामानहरु (फर्निचर मेशिनरी तथा इलेक्ट्रीकल र इलेक्ट्रोनिक्स सामान) जे जस्तो अवस्थामा छन् सोही अवस्थामा शिलबन्दी बोलपत्रको माध्यमबाट लिलाम बिक्री गरिने भएकोले लिन चाहने इच्छुक व्यक्ति, फर्म वा संस्थाले निम्नलिखित शर्तहरुको अधिनमा रही शिलबन्दी बोलपत्र पेस गर्नु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

१. बोलपत्र आव्हान सम्बन्धी सूचना प्रथम पटक प्रकाशित भएको मितिले ७ औं दिनको कार्यालय समयभित्र बोलपत्र फाराम दस्तुर वापत प्याकेज- १ फर्निचर सामान तर्फ रु. १०००/- (अक्षरेपी एक हजार) र प्याकेज-२ मेशिनरी (इलेक्ट्रीकल र इलेक्ट्रोनिक्स सामान) को लागि रु. १०००/- (अक्षरेपी एक हजार ) मात्र पछि फिर्ता नहुने गरी आर्थिक प्रशासन शाखाबाट प्याकेज १ वा प्याकेज २ वा प्याकेज १ र २ दुबै खरिद गर्न सकिने छ। उक्त दिन सार्वजनिक बिदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुलेको दिन कार्यालय समयभित्र खरिद गर्न सकिनेछ।

२. बोलपत्र फाराम प्रथम पटक सूचना प्रकाशन भएको मितिले ८ औं दिनको १२.०० बजेभित्र शिक्षक सेवा आयोगमा दर्ता गरी सक्नु पर्नेछ। उक्त दिन सार्वजनिक बिदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुलेको दिनको १२.०० बजे भित्र दर्ता गराई सक्नु पर्नेछ। बोलपत्र दाखिल गर्दा बोलपत्र फाराम शिलबन्दी गरी खामको बाहिर बोलपत्रदाताको नाम, ठेगाना, फोन नं. समेत खुलाई "शिक्षक सेवा आयोगको पुराना जिन्सी सामान (फर्निचर) प्याकेज-१ र (मेशीनरी तथा इलेक्ट्रीकल र इलेक्ट्रोनिक्स सामान) प्याकेज-२ लिलाम बिक्रीसम्बन्धी बोलपत्र, २०७७" लाहाछाप लगाई प्याकेज १ वा प्याकेज २ वा प्याकेज १ र २ दुबै उल्लेख गरी छुट्टाछुट्टै पेस गर्नु पर्नेछ।

३. बोलपत्र दाखिल गर्ने इच्छुक इजाजत प्राप्त फर्मको हकमा संस्था दर्ताको प्रमाणित प्रतिलिपि, मूल्य अभिवृद्धि कर र आयकर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, आ.व. २०७६/७७ सम्मको करचुक्ता पत्रको प्रमाणित प्रतिलिपि र इच्छुक व्यक्तिको हकमा प्यान नं. र नेपाली नागरिकताको प्रतिलिपि बोलपत्र फाराम साथ संलग्न राख्नु पर्नेछ।

४. म्यादभित्र पेस हुन नआएमा बोलपत्र उपर कुनै कारवाही हुने छैन।

५. बोलपत्र साथ आफूले कबोल गरेको अङ्कको १० (दश) प्रतिशतले हुन आउने रकम नेपाल बैंक लिमिटेड भक्तपुर कमलविनायक स्थित को.ले.नि.का. भक्तपुरको कार्यालय कोड नं.३५०२१३३०३, खाता नं.०१९०२०००००००३००००२७ मा धरौटी रकम जम्मा गरेको सक्कलै बैंक भौचर पेस गर्नु पर्नेछ।

६. कबोल गरेको रकम अङ्क र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ। अङ्क र अक्षर फरक परेमा बोलपत्रमा लेखिएको अक्षरलाई मान्यता दिइने छ र केरमेट भएको स्थानमा सही गरेको हुनु पर्नेछ। अन्यथा मान्यता दिइने छैन।

७. दर्ता भएका बोलपत्रहरु यो सूचना प्रकाशन भएको मितिले ८ औं दिन, दिनको २.०० बजे शिक्षक सेवा आयोगमा उपस्थित बोलपत्रसगं सम्बन्धित व्यक्ति, फर्म/ कम्पनीका प्रतिनिधिहरुको रोहवरमा खोलिने छ। तर व्यक्ति, फर्म/ कम्पनीका प्रतिनिधिहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन। उक्त बोलपत्र खोल्ने दिन सार्वजनिक बिदा परेमा त्यसको भोलिपल्ट दिनको २:०० बजे शिक्षक सेवा आयोगमा नै खोलिनेछ।

८. मालसामानको कुल न्यूनतम मूल्य प्याकेज-१ फर्निचर तर्फ रु. ४७२९५।१४(अक्षरेपी सत्चालिस हजार दुई सय पन्चानब्बे पैसा चौध ) मात्र र प्याकेज-२ (मेशीनरी तथा इलेक्ट्रीकल र इलेक्ट्रोनिक्स सामान) तर्फ रु. १५२६२०/११ ( अक्षरेपी एक लाख बाउन्न हजार छ सय बिस पैसा एघार ) मात्र कायम भएकोले सो रकमदेखि माथि मात्र कबोल अङ्क लेख्नु पर्नेछ। बोलपत्र स्वीकृत भएको बोलपत्रदाता आफूले कबोल गरेको रकममा नियम नुसार लाग्ने मूल्य अभिवृद्धि कर १३% समेत थप गरी जम्मा हुन आउने रकम दाखिला गर्नु पर्नेछ।

९. यस सम्बन्धी थप जानकारी आवश्यक परेमा वा लिलाम हुने मालसामानहरु हेर्न चाहनेले कार्यालय खुलेको समयभित्र आयोगको जिन्सी फाँटमा सम्पर्क राखी हेर्न सकिनेछ।

१०. लिलाम बिक्रीसम्बन्धी बोलपत्र स्वीकृत भएपछि ७ दिनभित्र कबोल रकम दाखिल गरी सामान उठाई लैजानु पर्नेछ। अन्यथा बोलपत्र रद्द गरी धरौटी जफत गरिने छ।

११. लिलाम गरिने मालसामानहरु जे जस्तो अवस्थामा छन् सोही अवस्थामा नै सकार गर्नु पर्नेछ ।

१२. शिलबन्दी बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार शिक्षक सेवा आयोगमा निहित रहने छ।

१३. सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४, आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ तथा आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ बमोजिम रित नपुगी आएको शिलबन्दी बोलपत्रहरु उपर कुनै कारवाही गरिने छैन ।

१४. यो सूचनामा उल्लेख गरिएका बाहेक अन्य व्यवस्था प्रचलित ऐन नियमबमोजिम हुनेछन् ।

१५. यो सूचना आयोगको वेभसाइट www.tsc.gov.np मा समेत हेर्न सकिनेछ ।

उप-सचिव